**(A Position Note on Capital Hike for Banks and Financial Institutions-BFIs)**

# बैंक तथा वित्तीय संस्थाहरुको पूँजी वृद्धि सम्बन्धी अवधारणा पत्र


नेपाल राष्ट्र बैंक

अनुसन्धान विभाग

मौद्रिक शाखा



२०७२ साउन

# मन्तव्य

१. नेपालले अवलम्बन गरेको वित्तीय उदारीकरण नीतिपश्चात् बैंक तथा वित्तीय संस्था खुल्ने क्रम बढ्न गई वित्तीय क्षेत्रमा संख्यात्मक तथा गुणात्मक विकासको मार्ग प्रशस्त हुँदै गएको छ । संख्यात्मक विकासका वाबजुद वित्तीय स्थायित्व सुदृढ तुल्याउन, स्वस्थ प्रतिस्पर्धालाई बढावा दिन र कमजोर संस्थाका कारण वित्तीय क्षेत्रमा देखिएको जोखिमलाई न्यूनीकरण गर्न यस बैंकले मर्जर सम्बन्धी विनियमावली तयार पारी वि.सं. २०६८ मा कार्यान्वयनमा ल्याएको हो । मर्जर प्रकृया शुरु भएपश्चात् स्वतःस्फूर्त रुपमा संस्थाहरु मर्ज हुने प्रकृया अगाडि बढ्दै गई वित्तीय क्षेत्र सुदृढीकरणले गति लिइरहेको छ । यसै क्रममा २०७२ असार मसान्तसम्म वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र लघुवित्त संस्था गरी कुल ७८ वित्तीय संस्थाहरु एक आपसमा गाभिएर ३० संस्था बनेका छन् । मर्ज भएका वित्तीय संस्थाहरुमध्ये २ वटा वाणिज्य बैंक र ५ वटा ग्रामीण विकास बैंकहरु पनि रहेका छन् ।

२. बैंक तथा वित्तीय संस्थाहरुलाई पूँजी पर्याप्तता अनुपात पुऱ्याउन सहज होस, ऋण प्रवाहको तुलनामा संस्थाको पूँजीगत आधार सुदृढ भई थप वित्तीय सेवा प्रवाहमा सहयोग पुगोस्, पूँजी अपर्याप्तताका कारण विदेशमा शाखा खोल्न नपाउने अवस्था नआओस्, आर्थिक गतिविधिमा भएको विस्तारको तुलनामा बैंक तथा वित्तीय संस्थाको पूँजीगत आधार पनि विस्तार हुन सकोस् र नेपालको वित्तीय क्षेत्रले सार्क मुलुकका वित्तीय संस्था सरह पूँजीगत आधार सुदृढ तुल्याई गतिशील स्थायित्व कायम गर्न मद्दत मिलोस् भन्ने उद्देश्यले यस बैंकले आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीतिमार्फत् चुक्ता पूँजी वृद्धि गर्ने निर्णय लिएको हो ।

३. अर्थतन्त्रको संरचनागत स्वरुप परिवर्तनसँगै बैंक तथा वित्तीय संस्थाहरुलाई विशिष्टिकृत गर्दै पूर्वाधार विकास बैंक, वाणिज्य बैंक र लघुवित्त संस्थाको रुपमा विकास गर्न, विप्रेषण आप्रवाहको विस्तारसँगै बैंकिङ्ग प्रणालीमा जम्मा भएको निक्षेपलाई कर्जा प्रवाहमा रुपान्तरण गर्ने प्रयोजनका लागि नियमनकारी पूँजीकोषमा सुधार ल्याउन, पूर्वाधार विकास लगायतका ठूला परियोजनालाई आवश्यक पर्ने चालु पूँजी कर्जा प्रवाह गर्ने वाणिज्य बैंकको क्षमता बढोत्तरी गर्न, बैंक तथा वित्तीय संस्थाको विदेशी बैंकसँगको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न तथा वित्तीय आधार कमजोर भएका संस्थाहरु एक आपसमा मर्ज हुने कार्यलाई थप गति दिन समेत चुक्ता पूँजी वृद्धि गर्ने नीतिगत व्यवस्था अगाडि सारिएको हो ।

४. पूँजी वृद्धिका सम्बन्धमा विभिन्न क्षेत्रबाट उठाइएका जिज्ञासाहरुलाई सम्बोधन गर्न सैद्धान्तिक आधार, व्यावहारिक आवश्यकता र अन्य मुलुकको अनुभवलाई समेत दृष्टिगत गरी अनुसन्धान विभागद्वारा तयार पारिएको यो अवधारणा पत्र सार्वजनिक गर्न पाउँदा मलाई खुशी लागेको छ । अत्यन्त छोटो समयमा यो अवधारणापत्र तयार पार्नमा संलग्न हुनुहुने निर्देशक डा. गुणाकर भट्ट तथा उप-निर्देशक डा. डिल्लीराम पोखेल लगायत मौद्रिक शाखाका सबै अधिकृत मित्रहरुलाई धन्यवाद दिन चाहन्छु ।

नरबहादुर थापा
कार्यकारी निर्देशक
नेपाल राष्ट्र बैंक
अनुसन्धान विभाग

# विषय सूची

| विषय | पृष्ठ संख्या |
|---|---|
| मन्तव्य | |
| पृष्ठभूमि | १ |
| नेपालका बैंक तथा वित्तीय संस्थाहरको विद्यमान पूँजी संरचना | २ |
| अन्य देशहरुमा बैंक तथा वित्तीय संस्थाहरुको पूँजी संरचना | ३ |
| पूँजी वृद्धि सम्बन्धमा आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीतिमा गरिएको व्यवस्था | ५ |
| पूँजी वृद्धि सम्बन्धमा बजारको प्रतिक्रिया | ५ |
| पूँजी वृद्धि सम्बन्धमा नेपाल राष्ट्र बैंकको धारणा | ६ |
| बैंक तथा वित्तीय संस्थाहरुको पूँजी वृद्धिबाट पर्न सक्ने प्रभावहरु | ८ |
| पूँजी वृद्धि गर्ने उपायहरु | ९ |
| निष्कर्ष | १० |

## पृष्ठभूमि

१. आर्थिक उदारीकरणको नीति अवलम्बन गरेसँगै नेपालको वित्तीय क्षेत्रले ठूलो फड्को मारेको छ । उदारीकरणपश्चात् निजी तथा विदेशी लगानीमा धेरै बैंक तथा वित्तीय संस्थाहरुको स्थापना हुनाको फलस्वरुप वित्तीय सेवाको पहुँच विस्तार हुँदै गएको छ । यस अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको संख्यात्मक उपस्थिति बढ्दै गएतापनि आर्थिक गतिविधिमा भएको विस्तारसँगै उक्त संस्थाहरुको पूँजीगत आधार विस्तार हुन नसकेको, समान कार्य प्रकृति भएका संस्थाहरुको उल्लेख्य उपस्थितिका कारण स्तरको लाभ (Economies of Scale) प्राप्त नहुँदा वित्तीय मध्यस्थता लागत बढ्नुका साथै नियमन तथा सुपरिवेक्षणको कार्यमा समेत चुनौती थपिएको छ । यस परिप्रेक्ष्यमा आगामी दिनमा नेपालको वित्तीय क्षेत्रको मार्गचित्र निर्धारण गर्दा चालु पूँजी (Working Capital) लगायत अन्य बैकिङ्ग सेवाको लागि वाणिज्य बैंक, भौतिक तथा सामाजिक पूर्वाधार परियोजनाहरुमा दीर्घकालीन लगानी (Long-term Funding) गर्न पूर्वाधार बैंक र साना व्यवसायको प्रबर्द्धनका लागि लघुवित्त बैंक (Microfinance) गरी तीन किसिमका वित्तीय संस्थाहरुको विकास गरी अर्थतन्त्रले माग गरेको वित्तीय क्षेत्रको संरचनागत स्वरुपमा परिवर्तन ल्याउन आवश्यक देखिएको छ । यस प्रकारको वित्तीय क्षेत्रको स्वरुपले आर्थिक विकासमा गति दिने भएकोले यस किसिमको वित्तीय संरचना निर्माणमा पूँजीको महत्वपूर्ण भूमिका रहने विश्वासमा यस बैंकले बैंकहरुको चुक्ता पूँजी वृद्धि गर्नुपर्ने महसुस गरेको हो ।

२. कामको खोजीमा विदेश जाने नेपालीहरुले पठाउने बढ्दो विप्रेषण आप्रवाहले बैंक तथा वित्तीय संस्थाहरुको निक्षेपमा बढोत्तरी आउने क्रम थयावत छ । यसप्रकार यी संस्थाहरुले आफ्नो पूँजीभन्दा धेरै गुणा बढी निक्षेप संकलन गर्ने भएकाले निक्षेपकर्ताहरुको हितलाई ध्यानमा राखी जोखिम भारित सम्पत्तिको आधारमा वाणिज्य बैंकहरुले १० प्रतिशत र विकास बैंक तथा वित्त कम्पनीहरुले ११ प्रतिशत नियमनकारी पूँजीकोष (Regulatory Capital Fund) कायम गर्नुपर्ने व्यवस्था गरिएको छ । नियमनकारी पूँजीकोष कर्जा प्रवाहसँग मात्र सम्बन्धित रहेको र निक्षेपसँग नजोडिएको कारण निक्षेप बढेको तुलनामा कर्जा प्रवाह हुन नसकी बैंक तथा वित्तीय संस्थाहरुसँग अधिक तरलताको स्थिति रहँदै आएको छ । नियमनकारी पूँजीकोषको आधारमा वित्तीय कारोबारको नियमन हुने र त्यसको आधारमा शीघ्र सुधारात्मक कारवाही (Prompt Corrective Action) को प्रक्रिया अगाडि बढ्ने भएकोले निक्षेपको तुलनामा पूँजीको आधार सानो भई बढ्दै गएको निक्षेप कर्जामा रुपान्तर हुन नसकी सधैं अधिक तरलताको स्थिति कायम रहँदा बढ्दो निक्षेपको लाभ अर्थतन्त्रले पाउन सकेको छैन । तसर्थ, कर्जा प्रवाहमा Binding Constraint को रुपमा रहेको नियमनकारी पूँजीकोषमा सुधार ल्याउन पनि चुक्ता पूँजीको बढोत्तरी आवश्यक देखिएको हो ।

३. मुलुकको दीर्घकालीन आर्थिक विकासको लागि जलविद्युत, सडक लगायतका भौतिक पूर्वाधारका क्षेत्रहरुमा ठूलो मात्रामा लगानीको आवश्यकता पर्दछ । पूर्वाधारका क्षेत्रमा लगानी गर्न दीर्घकालीन पूँजीको आवश्यकता पर्ने भएकोले नयाँ पूर्वाधार बैंक स्थापनाका लागि रु. २० अर्बको पूँजी पुऱ्याउनु पर्ने

नीतिगत व्यवस्था भइसकेको छ । यसै परिप्रेक्ष्यमा पूर्वाधार विकास परियोजना लगायत ठूला व्यवसायका लागि चाहिने चालु पूँजी उपलब्ध गराउन पनि बैंक तथा वित्तीय संस्थाहरुको पूँजी वृद्धि गर्न आवश्यक देखिन्छ ।

४. नेपाल विश्व व्यापार संगठनमा आवद्ध भएसँगै नेपालमा विदेशी बैंकका शाखा खोल्न र नेपालका बैंकहरुले विदेशमा शाखा खोल्न पाइने व्यवस्था रहेको सन्दर्भमा बलियो पूँजीगत आधार भएका विदेशी बैंकहरुसँग प्रतिस्पर्धा गर्नसक्ने क्षमता विकास गर्न नेपालका बैंक तथा वित्तीय संस्थाहरुको पूँजी बढाउनु पर्ने देखिन्छ ।

५. नेपालमा बैंक तथा वित्तीय संस्थाहरुको संख्यात्मक वृद्धि उल्लेख्य रहेतापनि धेरै संस्थाहरुको पूँजीगत आधार मजबुत हुन नसकेकोले त्यसबाट समग्र वित्तीय स्थायित्वमा पर्न सक्ने असरलाई दृष्टिगत गरी त्यस्ता संस्थाहरुलाई एक आपसमा मर्ज हुन तथा प्राप्ति गर्न प्रोत्साहन गरिदै आएको छ । पछिल्लो समयमा बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा मर्ज हुने क्रम बढेसँगै केही संस्थाहरुको पूँजीगत आधार समेत सुदृढ हुदै गएको छ तापनि वित्तीय प्रणालीमा केही कमजोर संस्थाको उपस्थिति रहिरहेको छ । हाल समस्याग्रस्त संस्था रिजोलुसन महाशाखाले ३ वटा "ख" वर्गका र १० वटा "ग" वर्गका संस्थाहरुको रिजोलुसन सम्बन्धी कार्य हेर्दै आएको छ । सानो पूँजीका कारण बैंक तथा वित्तीय संस्थाहरुको वित्तीय सक्षमता कम हुने, वित्तीय क्षेत्रमा असहज अवस्था उत्पन्न हुनासाथ यस्ता संस्थामा समस्या आई समस्याग्रस्त घोषणा गर्दै जानुपर्ने स्थिति नआओस् भन्नाका लागि पनि वित्तीय आधार कमजोर भएका संस्थाहरु एक आपसमा मर्ज हुने तथा प्राप्ति गर्ने कार्यलाई थप गति दिन समेत पूँजी वृद्धि गर्नुपर्ने आवश्यकता देखिएको हो ।

६. उपरोक्त पृष्ठभूमिमा नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीतिमार्फत् बैंक तथा वित्तीय संस्थाहरुको चुक्ता पूँजी वृद्धि गर्ने निर्णय लिएको हो ।

## नेपालका बैंक तथा वित्तीय संस्थाहरुको विद्यमान पूँजी संरचना

७. बैंक तथा वित्तीय वित्तीय संस्था स्थापना एवम् वित्तीय कारोबार गर्ने इजाजतपत्र सम्बन्धी नीतिगत व्यवस्था २०६३ मा राष्ट्रिय स्तरका वाणिज्य बैंकहरुले रु. २ अर्ब, विकास बैंकहरुले रु. ६४ करोड र वित्त कम्पनीहरुको हकमा लिजिङ कारोबार गर्नेको रु. ३० करोड र नगर्नेको रु. २० करोड चुक्ता पूँजी कायम गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी, राष्ट्रिय स्तरका "घ" वर्गका वित्तीय संस्थाहरुले चुक्ता पूँजी रु. १० करोड कायम गर्नुपर्ने व्यवस्था छ (तालिका १) ।

**तालिका १: बैंक तथा वित्तीय संस्थाहरुले कायम गर्नुपर्ने न्यूनतम चुक्ता पूँजी**

(आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीति जारी हुनु अघिको व्यवस्था)

| वर्ग | राष्ट्रिय स्तर | क्षेत्रीय स्तर* | ४-१० जिल्ला* | १-३ जिल्ला* |
|---|---|---|---|---|
| "क" | रु. २०० करोड | | | |
| "ख" | रु. ६४ करोड | | रु. ३० करोड a/<br>रु. २० करोड | रु. ३० करोड a/<br>रु. १० करोड |
| "ग" | रु. ३० करोड a/<br>रु. २० करोड | | | रु. ३० करोड a/<br>रु. १० करोड |
| "घ" | रु. १० करोड | रु. ६ करोड# | रु. २ करोड b/ | रु. १ करोड* |

* काठमाडौं उपत्यका बाहेक । यस्ता वित्तीय संस्थाहरुको कार्य क्षेत्र/परियोजना तोकिएका जिल्लाहरुमा सीमित रहने । a/ लिजिङ्ग कारोबार गर्ने वित्तीय संस्थाको हकमा मात्र लागू हुने । b/ पहाडी क्षेत्रका थप ५ जिल्लामा समेत । # विकास क्षेत्रभित्र सञ्चालन हुने ।

८. २०७१ पुस मसान्तमा सबै वाणिज्य बैंकहरुले न्यूनतम चुक्ता पूँजी रु. २ अर्ब पूरा गरिसकेका छन् भने केही विकास बैंक एवम् वित्त कम्पनीहरुले उक्त पूँजी कायम गर्न बाँकी रहेको छ । २०७२ जेठ मसान्तमा "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको कुल चुक्ता पूँजी रु. १४० अर्ब रहेको छ । जसमध्ये ३० वटा वाणिज्य बैंकहरुको कुल चुक्ता पूँजी रु. ९६ अर्ब ९३ करोड, ७६ वटा विकास बैंकहरुको रु. २६ अर्ब ८५ करोड र ४८ वटा वित्त कम्पनीहरुको कुल चुक्ता पूँजी रु. १५ अर्ब ९० करोड रहेको छ । निजी क्षेत्रका २७ वटा वाणिज्य बैंकहरुमध्ये रु. ४ अर्बभन्दा बढी चुक्ता पूँजी भएका बैंकको संख्या २ वटा रहेका छन् भने रु. ३ देखि ४ अर्ब चुक्ता पूँजी भएका ५ वटा र रु. ३ अर्बभन्दा कम चुक्ता पूँजी रहेका २० वटा रहेका छन् ।

९. बैंक तथा वित्तीय संस्थाहरुको कुल चुक्ता पूँजी र कुल सम्पत्ति/दायित्वको अनुपात २०७२ जेठमा ६.९ प्रतिशत रहेको छ भने कुल चुक्ता पूँजी र कुल निक्षेपको अनुपात ८.६ प्रतिशत रहेको छ । यस आधारमा हेर्दा बैंक तथा वित्तीय संस्थाहरुको वित्तीय स्रोत परिचालनको प्रमुख स्रोतको रुपमा रहने चुक्ता पूँजीको हिस्सा न्यून रहेको देखिन्छ ।

## अन्य देशहरुमा बैंक तथा वित्तीय संस्थाहरुको पूँजी संरचना

१०. विद्यमान व्यवस्था अनुसार नेपालमा बैंक स्थापनाको लागि तोकिएको न्यूनतम चुक्ता पूँजी सार्क मुलुकहरुको तुलनामा कम रहेको छ । नेपालभन्दा सानो अर्थतन्त्र एवम् न्यून जनसंख्या भएको मुलुक भुटानमा समेत बैंक स्थापनाका लागि न्यूनतम ३ अर्बको चुक्ता पूँजी हुनुपर्ने व्यवस्था रहेको छ । सार्क मुलुकहरुमध्ये पाकिस्तानमा वाणिज्य बैंक स्थापनाका लागि सबैभन्दा बढी अर्थात् पाकिस्तानी रुपैयाँ १० अर्ब र नेपालमा सबैभन्दा कम अर्थात् रु. २ अर्ब चुक्ता पूँजी कायम गर्नुपर्ने व्यवस्था रहेको छ । सार्क मुलुकहरुमा वाणिज्य बैंक स्थापनाका लागि कायम गर्नुपर्ने न्यूनतम चुक्ता पूँजी सम्बन्धी विवरण तालिका २ मा प्रस्तुत गरिएको छ ।

**तालिका २: सार्क क्षेत्रमा वाणिज्य बैंकहरुको चुक्ता पूँजी सम्बन्धी व्यवस्था**

| देश | आवश्यक चुक्ता पुंजी (स्वदेशी मुद्रामा) | आवश्यक चुक्ता पुंजी (अमेरिकी डलरमा) | विनिमय दर July 15, 2013 | पूरा गर्नुपर्ने समयसीमा |
|---|---|---|---|---|
| पाकिस्तान | १० अर्ब | ९९.७ मिलियन | 1$ =100.3PK Rs. | २०१३ डिसेम्वर |
| भारत | ५ अर्ब | ८३.३ मिलियन | 1$ =60.04 Irs | जुलाई १, २०१३ |
| नेपाल | २ अर्ब | २१.०५ मिलियन | 1$ =95NRs | जुलाई २०१४ |
| श्रीलंका | Licensed Commercial Banks<br>३ अर्ब<br>४ अर्ब<br>५ अर्ब | <br>२३.१९ मिलियन<br>३०.९२ मिलियन<br>३८.६५ मिलियन | 1$ =129.36 LKRs | <br>जनवरी १, २०१२ अघि<br>जनवरी १, २०१२ देखि<br>जनवरी १, २०१४ देखि |
| | Licensed Specialized Banks<br>२ अर्ब<br>२.५ अर्ब<br>३ अर्ब | <br>१५.४६ मिलियन<br>१९.३३ मिलियन<br>२३.१९ मिलियन | | <br>जनवरी १, २०१२ अघि<br>जनवरी १, २०१२ देखि<br>जनवरी १, २०१४ देखि |
| बंगलादेश | २ अर्ब | २५.७४ मिलियन | 1$ =77.70 Tk | २०११ अगस्टसम्म |
| | ४ अर्ब | ५१.४८ मिलियन | 1$ =77.70 Tk | २०११ सेप्टेम्बर देखि |
| भुटान | ३ अर्ब | ५०.०० मिलियन | 1$=60 Nu | हाल लागू भईरहेको |

*स्रोत: सम्बन्धित केन्द्रीय बैंकको Website (taken from the previous unpublished study report, Nepal Rastra Bank)*

११. सार्क मुलुकका अतिरिक्त अन्य केही मुलुकहरुमा बैंक तथा वित्तीय संस्थाहरुको चुक्ता पूँजी वृद्धि गरिएका उदाहरणहरु हेर्दा आकस्मिक रुपमा पूँजी वृद्धि गर्न लगाइएका उदाहरण पनि छन् । मलावीमा सन् २००९ मा त्यहाँका बैंकहरुले १८ महिनाभित्रमा चुक्ता पूँजी ३.३ गुणाले बढाउने व्यवस्था गरिएको थियो । त्यसैगरी, नाइजेरियामा सन् २००५ मा बैकहरुको चुक्ता पूँजी १८ महिनाको अवधिमा २ अर्ब नाइजेरियन नाइराबाट बढाएर २५ अर्ब नाइरा (१२.५ गुणा) पुर्‍याउने व्यवस्था गरिएको थियो । उक्त व्यवस्था कार्यान्वयन भएको १८ महिनापछि नाइजेरियामा कुल ८९ बैंकहरुमध्ये २५ वटा बैंकहरु मात्र संचालनमा रहेका थिए । जसमध्ये ४ विदेशी र २१ निजी क्षेत्रका बैंकहरु थिए । त्यसैगरी, सन् २००७ जनवरीमा जाम्बियाले पनि बैंकको पूँजी ६ गुणाले वृद्धि गरेको थियो ।

**तालिका ३: अन्य मुलुकहरुमा चुक्ता पूँजी सम्बन्धी व्यवस्था**

| क.सं. | देश | विद्यमान पूँजी | बढाइएको पूँजी | पूरा गर्नुपर्ने समयसीमा |
|---|---|---|---|---|
| १ | मालावी | अमेरिकी डलर १५ लाख | अमेरिकी डलर ५० लाख | २००९ जनवरीदेखि १८ महिना |
| २ | नाइजेरिया | NAIRA २ अर्ब | NAIRA २५ अर्ब | २००५ डिसेम्बरदेखि १८ महिना |
| ३ | जाम्बिया | Kwacha २ अर्ब | Kwacha १२ अर्ब | २००७ जनवरीदेखि १५ महिना |

*स्रोत: Reserve Bank of Malawi (2008): Annual Report/ Odeleye, A. (2014): " Pre-consolidation and Post-consolidation of Nigerian Banking Sector: A Dynamic Comparison", International Journal of Economics and Financial Issues/ Bank of Jambiya (2007). www.boz.zm.*

## पूँजी वृद्धि सम्बन्धमा आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीतिमा गरिएको व्यवस्था

१२. नेपालमा हाल संचालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरुको पूँजीको अवस्था, चुक्ता पूँजी कायम गर्ने सम्बन्धमा छिमेकी मुलुकहरुमा विद्यमान नीतिगत व्यवस्था, अर्थतन्त्रको विस्तारसँगै वित्तीय स्रोत परिचालनको आवश्यकता, नेपालमा विदेशी बैंकका शाखा र विदेशमा नेपाली बैंकका शाखाहरु स्थापना गर्दा नेपालका बैंकहरुको प्रतिस्पर्धी क्षमता एवम् हाल संचालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरुको संख्या समेतलाई विश्लेषण गरी आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीतिमा चुक्ता पूँजी बढाउने व्यवस्था गरिएको छ । यस अनुसार आगामी दुई वर्षभित्र अर्थात् २०७४ असार मसान्तसम्ममा "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको न्यूनतम चुक्ता पूँजी करिब ४ गुणाले बढाई निम्नानुसार कायम गर्नुपर्ने व्यवस्था गरिएको छ ।

**तालिका ४: बैंक तथा वित्तीय संस्थाहरुले कायम गर्नुपर्ने न्यूनतम चुक्ता पूँजी**
(आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीतिमा उल्लेख भएको नयाँ व्यवस्था)

| वर्ग | राष्ट्रिय स्तर | ४-१० जिल्ला | १-३ जिल्ला |
|---|---|---|---|
| "क" | रु. ८ अर्ब | – | – |
| "ख" | रु. २ अर्ब ५० करोड | रु. १ अर्ब २० करोड | रु. ५० करोड |
| "ग" | रु. ८० करोड | रु. ८० करोड | रु. ४० करोड |

१३. हाल विद्यमान चुक्ता पूँजीको आधारमा हेर्दा सबै वाणिज्य बैंकहरु मर्जरको विकल्पमा गएमा वाणिज्य बैंकहरुको संख्या ३० बाट घटेर १२ हुन सक्ने देखिन्छ[1] भने मर्जरको विकल्पमा नगएको अवस्थामा वाणिज्य बैंकहरुको न्यूनतम चुक्ता पूँजी तोकिएको स्तरमा कायम गर्न रु. १४३ अर्ब थप गर्नुपर्ने देखिन्छ ।

**तालिका ५: बैंक तथा वित्तीय संस्थाहरुले थप गर्नुपर्ने चुक्ता पूँजी (रु.अर्बमा)**
(आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीतिमा उल्लेख भएको नयाँ व्यवस्था अनुसार)

| वित्तीय संस्था | संस्था संख्या | हालको चुक्ता पूँजी* (रु.अर्ब) | कायम गर्नुपर्ने चुक्ता पूँजी (रु.अर्ब) | थप गर्नुपर्ने चुक्ता पूँजी (रु.अर्ब) |
|---|---|---|---|---|
| वाणिज्य बैंक | ३० | ९६.९ | २४०.० | १४३.१ |
| विकास बैंक | ७९ | २६.९ | ९२.४ | ६५.५ |
| वित्त कम्पनी | ५० | १५.९ | ३६.० | २०.१ |
| जम्मा | १५९ | १३९.७ | ३६८.४ | २२८.७ |

* Banking and Financial Statistics (Mid-June 2015), Nepal Rastra Bank, BFIs Regulation Department

## पूँजी वृद्धि सम्बन्धमा बजारको प्रतिक्रिया


१४. बैंक तथा वित्तीय संस्थाहरुको चुक्ता पूँजी वृद्धि सम्बन्धी आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीतिले गरेको उपर्युक्त व्यवस्थाप्रति बजारको प्रतिक्रिया मिश्रित रहेको छ । यस व्यवस्थालाई कतिपयले वित्तीय

[1] वाणिज्य बैंकहरुको हालको चुक्ता पूँजी करिब रु. ९७ अर्ब रहेको र आगामी २ वर्षमा रु. ८ अर्ब न्यूनतम चुक्ता पूँजी कायम गर्नुपर्ने व्यवस्थाको आधारमा ।

स्थायित्व प्रवर्द्धन गर्ने तथा वित्तीय क्षेत्रलाई सबल एवम् प्रतिस्पर्धी बनाउने कार्यमा महत्वपूर्ण उपलब्धिको रुपमा लिएका छन् भने कतिपय बैंकहरुले यस व्यवस्थाको कार्यान्वयनमा समस्या आउने टिप्पणी गरेका छन् । पछिल्लो विचारसँग सहमत हुनेहरुले पूंजी वृद्धिको रकम धेरै हुनुका साथै कार्यान्वयनको समय सीमा समेत अत्यन्तै छोटो भएको प्रतिक्रिया दिएका छन् भने कतिपयले पूंजी वृद्धिको रकम उपयुक्त भएपनि कायम गर्नुपर्ने समय सीमा भने कम भएको जनाएका छन् । मुलुकको विद्यमान आर्थिक परिस्थितिमा पूंजी वृद्धिका लागि बोनस तथा हकप्रद शेयरका साथै थप आइपीओ जारी गरेर तोकिएको पूंजी पुऱ्याउन कठिनाई हुने तथा भिन्नभिन्न कार्य संस्कृतिबाट आएका बैंकहरु एक आपसमा मर्ज हुनका लागि सहज वातावरण नरहेकोले तोकिएको समयमा चुक्ता पूंजी वृद्धि गर्ने कार्य चुनौतीपूर्ण हुने बैंकरहरुको प्रारम्भिक प्रतिक्रिया रहेतापनि नेपाल राष्ट्र बैंकले निर्देशन जारी गरेपश्चात् बैंक तथा वित्तीय संस्थाहरु तोकिएको चुक्ता पूंजी  वृद्धि गर्न सहमत भई यस सम्बन्धी योजना समेत पेश गरेका छन् ।

## पूँजी वृद्धि सम्बन्धमा नेपाल राष्ट्र बैंकको धारणा

१५. बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन, कर्जा लगानी र कायम गर्नुपर्ने न्यूनतम पूँजीकोषबीचको अन्तरसम्बन्धले व्यावसायिक विस्तारलाई निर्धारण गर्दछ । विद्यमान व्यवस्था अनुसार वाणिज्य बैंकहरुले जोखिम भारित सम्पत्तिको न्यूनतम १० प्रतिशत पूँजीकोष कायम गर्नुपर्ने र त्यसमध्ये ६ प्रतिशत प्राथमिक पूंजी अनुपात हुनुपर्ने व्यवस्था छ । त्यसैगरी, विकास बैंक र वित्त कम्पनीहरुले जोखिम भारित सम्पत्तिको न्यूनतम ११ प्रतिशत पूँजीकोष कायम गर्नुपर्ने र त्यसमध्ये ५.५ प्रतिशत प्राथमिक पूंजी अनुपात हुनुपर्ने व्यवस्था रहेको छ । यस व्यवस्था अनुसार २०७२ जेठमा वाणिज्य बैंकहरुको पूँजीकोषमा प्राथमिक पूँजीको अनुपात ९.९५ प्रतिशत, विकास बैंकहरुको १४.९९ प्रतिशत र वित्त कम्पनीहरुको १३.१५ प्रतिशत रहेको छ । बैंक तथा वित्तीय संस्थाहरुको पूँजीकोष उनीहरुले गर्ने वित्तीय कारोबार नियमनको प्रमुख आधार भएकोले निक्षेप वृद्धिसँगै कर्जा प्रवाह विस्तार गर्न पूँजीकोष वृद्धि गर्न आवश्यक हुन्छ । निक्षेप परिचालनमा हुने विस्तारसँगै कर्जा लगानी बढाउन नसकिएमा अधिक तरलताको स्थिति सृजना हुने र कर्जा लगानीको विस्तारका लागि निश्चित अनुपातमा पूँजीकोष कायम गर्नुपर्ने नियमनकारी व्यवस्थाको कारण निक्षेप परिचालन अनुरुप कर्जा लगानी विस्तार गर्न बैंक तथा वित्तीय संस्थाहरुको पूँजीगत आधार विस्तार गर्नुपर्ने आवश्यकता छ ।




१६. बैंकहरुको चुक्ता पूंजी रु. २ अर्ब पुऱ्याउनु पर्ने नीतिगत पहल गरिएको आर्थिक वर्ष २०६२/६३ मा कुल गार्हस्थ्य उत्पादन रु. ६ खर्ब ५४ अर्ब थियो । आर्थिक वर्ष २०७१/७२ मा सो उत्पादन ३.२५ गुणाले बढेर रु. २१ खर्ब २५ अर्ब पुगेको अवस्था छ भने आर्थिक वर्ष २०७३/७४ मा रु. २८ खर्ब ४८ अर्ब

पुग्ने प्रारम्भिक अनुमान छ । यसको अर्थ आर्थिक वर्ष २०६२/६३ र २०७३/७४ बीच कुल गार्हस्थ्य उत्पादन ४.३५ गुणाले बढ्ने देखिन्छ । कुल गार्हस्थ्य उत्पादनसँग तादात्म्यता मिलाउन पनि बैंकहरुको चुक्त पूँजी वृद्धि गर्न आवश्यक देखिएको हो ।

१७. हाल बजारमा लगानीकर्ताहरुले प्राप्त गरिरहेको प्रतिफल उच्च नै देखिन्छ । आर्थिक वर्ष २०७१/७२ को तेस्रो त्रयमासमा ३० वटा वाणिज्य बैंकहरुको शेयरको औसत प्रतिफल (Return On Equity) करिब २३ प्रतिशत रहेको छ । यथास्थितिको आधारमा (Static) विश्लेषण गर्दा पूँजी वृद्धिले बैंकहरुको औसत प्रतिफल घट्ने देखिएतापनि यसले क्षेत्रगत कारोबार गर्ने सीमामा सुधार ल्याउने भएकोले बैंकहरुको व्यवसाय गतिशील ढंगले बढ्न गई औसत प्रतिफल घट्ने नभई बढ्न जाने देखिन्छ ।

१८. २०६४ असारदेखि २०७१ असारसम्मको ८ वर्षको अवधिमा वाणिज्य बैंकहरुको औसत वार्षिक खुद मुनाफा रु. १५ अर्ब ५० करोड रहेको र शेयरको औसत प्रतिफल ३२ प्रतिशत रहेको देखिन्छ (तालिका ६) । २०६३ सालमा बैंक तथा वित्तीय संस्थाको चुक्ता पूँजी वृद्धिगर्ने निर्णय गरिएको र सो निर्णय पछिका प्रत्येक वर्षमा वाणिज्य बैंकहरुको खुद मुनाफा बढ्दै २०७१ असार मसान्तमा रु. २१ अर्ब ४० करोड पुगेको देखिन्छ । यस तथ्यले पनि चुक्ता पूँजी वृद्धिले वित्तीय संस्थाहरुको व्यवसाय विस्तार गर्ने क्षमता बढ्ने र परिणामतः नाफा आर्जन गर्ने क्षमता समेत बढ्ने देखाउँछ ।

**तलिका ६: वाणिज्य बैंकहरुको खुद मुनाफा तथा शेयरको औसत प्रतिफल**

| विवरण | २०६४ | २०६५ | २०६६ | २०६७ | २०६८ | २०६९ | २०७० | २०७१ | औसत |
|---|---|---|---|---|---|---|---|---|---|
| खुद मुनाफा (रु.अर्बमा) | ८.८ | ११.१ | १५.१ | १५.४ | १५.५ | १५.८ | २१.० | २१.४ | १५.५ |
| शेयरको औसत प्रतिफल (प्रतिशतमा) | ४५ | ३५ | ३९ | ३३ | २७ | २४ | २६ | २४ | ३२ |

*स्रोत: बैंक सुपरिवेक्षण विभाग, नेपाल राष्ट्र बैंक ।*

१९. कुनै पनि मुलुकमा कति संख्यामा बैंक तथा वित्तीय संस्थाहरु संचालन गर्न उपयुक्त हुन्छ भन्ने सन्दर्भमा एकमत नभएतापनि तिनीहरुको पूँजीगत आधार बलियो हुनुपर्ने विषयले संसारभरि नै विशेष महत्व पाउँदै गएको छ । साना पूँजीका धेरै बैंकभन्दा संख्यात्मक रुपमा थोरै भएपनि ठूलो पूँजी भएका बैंक संचालन हुन सकेमा वित्तीय मध्यस्थताको लागत कम हुने, व्यवस्थापन गर्न सहज हुने, आर्थिक विकासका लागि आवश्यक पूँजी परिचालन गर्न सघाउ पुग्ने तथा नियमन एवम् सुपरीवेक्षणका दृष्टिकोणले समेत समग्र वित्तीय स्थायित्व कायम गर्न सहयोग पुग्ने देखिन्छ । नेपालको समग्र आर्थिक परिसूचकहरुको तुलनामा बैंक तथा वित्तीय संस्थाहरुको संख्या बढी नै रहेको भन्ने बहसहरु चल्ने गरेको सन्दर्भमा पनि उक्त संस्थाहरुको संख्या मर्जरमार्फत् उपयुक्त आकारमा ल्याउन तथा पूँजीगत आधारलाई अन्तर्राष्ट्रिय स्तरको तुल्याउन चुक्ता पूँजी वृद्धि गर्नु आवश्यक देखिएको हो ।

## बैंक तथा वित्तीय संस्थाहरुको पूँजी वृद्धिबाट पर्न सक्ने प्रभावहरु

### वित्तीय क्षेत्रमा पर्ने प्रभाव

२०. बैंक तथा वित्तीय संस्थाहरुमा आन्तरिक स्रोत अर्थात् शेयर पूँजी, संचित मुनाफा, रिजर्भ कोष आदि भन्दा बाह्य स्रोत अर्थात् निक्षेप, सापटी आदिबाट संकलन गरिएको वित्तीय स्रोत धेरै गुणा बढी हुन्छ । पर्याप्त पूँजी भएमा जोखिममा आधारित न्यूनतम पूँजीकोष अनुपात कायम गर्न सक्षम हुनुको साथै प्रति ग्राहक कर्जा सीमा बढ्न गई त्यस्ता वित्तीय संस्थाहरुको कर्जा प्रवाह गर्न सक्ने क्षमता अभिवृद्धि हुन सक्छ । त्यसैगरी, बैक तथा वित्तीय संस्थाहरुको पूँजीको आधार पर्याप्त नहुँदा कर्जा असुली समस्या लगायत अन्य तरिकाबाट हुने नोक्सानी बहन गर्न सक्ने क्षमतामा कमजोर हुने भएकोले समेत पूँजी वृद्धि गर्न आवश्यक छ ।

२१. बैंक तथा वित्तीय संस्थाहरुको पूँजी वृद्धिबाट उनीहरुको वित्तीय अवस्था सबल भई वित्तीय स्थिरता कायम गर्न मद्दत पुग्ने भएतापनि पूँजी संकलन तथा पूँजी वृद्धिको कार्य भने त्यति सहज हुँदैन । एकातर्फ अर्थतन्त्रले गति लिन नसकिरहेको अवस्थामा थप पूँजी संकलन गर्ने कार्य चुनौतीपूर्ण छ भने अर्कोतर्फ पूँजी वृद्धिको मापदण्डका कारण बैंक तथा वित्तीय संस्थाहरु गैर-वासलात (Off-Balance Sheet) कारोबारतर्फ लाग्ने सम्भावना रहन्छ । यसबाट वित्तीय प्रणालीमा थप जोखिम पनि बढ्न सक्छ । पूँजी वृद्धिको लागि शेयरधनीहरुले बढी रकम लगानी गर्नुपर्दा उनीहरुले बढी प्रतिफलको अपेक्षा गर्दछन् । सोही अनुरुप नाफा कायम गर्न बैंक तथा वित्तीय संस्थालाई कर्जाको ब्याजदर बढाउन दवाव पर्न सक्छ । यसबाट ब्याजदर स्प्रेड बढ्ने सम्भावना रहन्छ । यसका साथै बैंक तथा वित्तीय संस्थाहरुले पूँजी वृद्धि गर्दा लगानीयोग्य कोषमा वृद्धि हुने भएकोले शेयरधनीहरुलाई प्रदान गर्दै आएको लाभांश घट्न नदिनका लागि बढी जोखिमयुक्त क्षेत्रमा पनि कर्जा प्रवाह हुनगई कर्जाको गुणस्तरमा कमी हुन सक्ने सम्भावनाप्रति उत्तिकै सजग रहनुपर्ने हुन्छ ।

### शेयर बजारमा पर्ने प्रभाव

२२. पूँजी वृद्धिबाट शेयर बजारमा पर्ने प्रभाव मूलतः लगानीकर्ताहरुको मनोविज्ञान तथा पूँजी वृद्धि गर्ने तरिकामा निर्भर रहन्छ । बैंक तथा वित्तीय संस्थाहरुको पूँजी वृद्धिबाट शेयरको आपूर्ति बढ्न गई प्रति सेयर आम्दानी घट्ने हुनाले साधारणतया सेयर मूल्य घट्ने देखिन्छ । तर बोनस एवम् हकप्रद शेयर पाइने आशामा शुरुका दिनहरुमा शेयरको माग बढ्ने भएकोले पहिले नै जारी गरिएका शेयरको मूल्य भने केही समयसम्म बढ्न सक्ने देखिन्छ । अर्कोतर्फ, पूँजीको आधार कमजोर भएका र वित्तीय परिसूचकहरु सुदृढ नभएका बैंक तथा वित्तीय संस्थाहरुको शेयरको मूल्य कम नै हुने हुँदा त्यस्ता वित्तीय अवस्था भएका संस्थाहरुमा हकप्रद शेयर जारी गर्दा सबै शेयर खरिद नहुने, त्यस्ता संस्थाहरुको संचित मुनाफा तथा कोषको अवस्था सामान्यतया कमजोर हुने भएका कारण बोनस शेयर जारी गर्न नसक्ने हुनाले शेयरको मूल्य घट्ने देखिन्छ ।

**समग्र अर्थतन्त्रमा पर्ने असर**

२३. पूँजीको आधार मजबुत भएमा बैक तथा वित्तीय संस्थाहरुको जोखिम बहन गर्नसक्ने क्षमता अभिवृद्धि हुन गई वित्तीय क्षेत्रमा प्रणालीगत जोखिमको संभावना कम हुन्छ । यसबाट वित्तीय स्थिरता कायम हुनुको साथै पूर्वाधार एवम् दीर्घकालीन परियोजनाको लागि पूँजी परिचालनमार्फत् आर्थिक विकासलाई गति प्रदान गर्न सहयोग पुग्दछ ।

## पूँजी वृद्धि गर्ने उपायहरु

**साधारण शेयर जारी गर्ने**

२४. सबल वित्तीय परिसूचक भएका वित्तीय संस्थाहरुको लागि यो उपाय उपयुक्त हुन्छ । यस्ता संस्थाहरुले प्रिमियममा पनि शेयर निष्काशन गर्न सक्दछन । यसबाट शेयर संख्या वृद्धि भई प्रति शेयर मूल्यमा कमी आउन सक्दछ ।

**बोनस शेयर जारी गर्ने**

२५. संचालन मुनाफा कमाउन सफल भई पर्याप्त संचित नाफा रहेका संस्थाहरुका लागि बोनस शेयर जारी गरी पूँजी बढाउन उपयुक्त हुन्छ । यसबाट पनि शेयरको आपूर्ति बढ्ने भएकोले प्रति शेयर मूल्यमा कमी आउन सक्दछ ।

**हकप्रद शेयर जारी गर्ने**

२६. पर्याप्त संचित नाफा आर्जन नगरेका संस्थाहरुले पनि यसबाट पूँजी वृद्धि गर्न सक्दछन । सबल वित्तीय परिसूचक भएका वित्तीय संस्थाहरुको सन्दर्भमा यसरी जारी गरिएको शेयर बिक्री गर्न समस्या नहुने भएतापनि वित्तीय परिसूचक कमजोर रहेका संस्थाहरुको हकमा भने हकप्रद शेयर पूर्ण रुपमा बिक्री नहुने र शेयर मूल्यमा कमी आउने सम्भावना रहन्छ ।

**अग्राधिकार शेयर जारी गर्ने**

२७. यस्तो शेयर जारी गरी पूँजी बढाउन संस्थाले पर्याप्त संचित नाफा आर्जन गरिरहनु पर्दैन । हकप्रद शेयरमा जस्तै कमजोर वित्तीय परिसूचक भएको संस्थाको सन्दर्भमा भने यसरी जारी गरिएको शेयर पूर्ण रुपमा बिक्री नहुन सक्ने र शेयर मूल्यमा कमी आउने सम्भावना रहन्छ ।

**बैंक तथा वित्तीय संस्थाहरु मर्जर तथा एक्वीजिसन**

२८. संचलनमा रहेका बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभिएर अथवा एउटा संस्थाले अर्कोलाई प्राप्ति गरेर नयाँ बन्ने संस्थाको पूँजी वृद्धि गर्न सकिन्छ । तर यसरी पूँजी वृद्धि गर्दा बैंक तथा वित्तीय संस्थाको संख्या घटी समग्र वित्तीय क्षेत्रको पूँजी भने यथावत रहने हुन्छ ।

**विदेशीसँगको संयुक्त लगानी विस्तार**

२९. बैंक तथा वित्तीय संस्थाहरुले विदेशी साझेदारहरुलाई आकर्षित गरी उनीहरुसँगको संयुक्त लगानीमार्फत् पनि पूँजी वृद्धि गर्न सक्छन् । यस तरिकाबाट पूँजी वृद्धि गरिएमा बैंक तथा वित्तीय संस्थाको लगानी क्षमता थप विस्तार हुने देखिन्छ ।

## निष्कर्ष

३०. आर्थिक गतिविधिमा हुने विस्तारसँगै वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि गरी मुलुकको दीर्घकालीन विकासमा सहयोग पुऱ्याउन तथा समग्र वित्तीय क्षेत्र स्थायित्व कायम गर्न बैंक तथा वित्तीय संस्थाहरुको पूँजीगत आधार सुदृढ तुल्याउन आवश्यक छ । नेपालमा विगत दुई दशकयता बैंक तथा वित्तीय संस्थाहरुको संख्यात्मक उपस्थिति बढ्दै गएतापनि कतिपय संस्थाहरुको वित्तीय स्थिति, व्यवस्थापकीय क्षमता एवम् संस्थागत सुशासनको अवस्थामा अपेक्षित सुधार हुन सकेन । कमजोर वित्तीय संस्थाहरुको कारण प्रणालीगत जोखिम सृजना भई समग्र वित्तीय स्थायित्वमा असर पर्न नदिन तथा दीर्घकालीन विकासको लागि आवश्यक पूँजी परिचालन गर्न बैंक तथा वित्तीय संस्थाहरुको पूँजीगत आधार बढाउन आवश्यक देखिएको हो ।

३१. नेपालको वित्तीय क्षेत्रमा एकै किसिमको कार्य प्रकृति भएका संस्थाहरुको उल्लेख्य उपस्थिति रहेकोले यसबाट वित्तीय मध्यस्थता लागत बढ्नुका साथै नियमन तथा सुपरिवेक्षणको कार्यमा समेत चुनौती थपिएको छ । नेपालको वित्तीय क्षेत्रको आगामी कार्यदिशा एवम् संरचनागत स्वरुपमा परिवर्तन गरी चालू पूँजी परिचालन, पूर्वाधार क्षेत्रमा लगानी तथा साना व्यवसायको प्रबर्द्धनका लागि उपयुक्त हुने गरी वित्तीय संस्थाहरुको वर्गीकरण गरी सोही अनुरुप वित्तीय क्षेत्रलाई सबल एवम् प्रतिस्पर्धी बनाउँदै लैजानु पर्ने भएकोले चुक्ता पूँजी वृद्धि गर्नुपर्ने आवश्यकता महसुस गरिएको हो ।

३२. निक्षेप परिचालनको तुलनामा कर्जा प्रवाह अपेक्षित रुपमा विस्तार हुन नसक्नुमा पूँजीकोष सम्बन्धी नियमनकारी व्यवस्था एक प्रमुख कारकको रुपमा रहेको सन्दर्भमा बैंक तथा वित्तीय संस्थाहरुको पूँजी वृद्धि गर्दा पूँजीकोष बढ्ने र सो अनुरुप कर्जा प्रवाह विस्तार गर्न सहयोग पुग्ने देखिन्छ ।

३३. नेपालकै हाराहारीमा आर्थिक परिसूचकहरु रहेका केही सार्क मुलुकहरुमा समेत न्यूनतम चुक्ता पूँजी नेपालको तुलनामा निकै नै बढी रहेको र आगामी दिनमा नेपालका बैंक तथा वित्तीय संस्थाहरुले अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धा गर्न सक्ने तुल्याउन पनि चुक्ता पूँजी वृद्धि गर्नुपर्ने आवश्यकता देखिएको हो ।

३४. समग्रमा, बैंक तथा वित्तीय संस्थाहरुको विद्यमान पूँजीगत संरचना, यस सम्बन्धमा छिमेकी मुलुकहरुमा विद्यमान नीतिगत व्यवस्था, अर्थतन्त्रको विस्तारसँगै वित्तीय स्रोत परिचालनको आवश्यकता, निक्षेपकर्ताहरुको हित संरक्षण, नेपालको वित्तीय क्षेत्रको भावी कार्यदिशा, विदेशी बैंकहरुसँगको प्रतिस्पर्धात्मक क्षमता लगायतका विषयहरुलाई ध्यानमा राखी आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीतिमार्फत् बैंक तथा वित्तीय संस्थाहरुको चुक्ता पूँजी वृद्धि गर्नुपर्ने व्यवस्था गरिएको हो । यस व्यवस्थाको कार्यान्वयनबाट नेपालको वित्तीय क्षेत्र सबल एवम् प्रतिस्पर्धी हुनगई आर्थिक विकासमा वित्तीय क्षेत्रको योगदान विस्तार हुँदै जाने अपेक्षा गरिएको छ ।